भाग ५

नेपाल सरकार
गृह मन्त्रालयको
सूचना

सुरक्षा, सामरिक वा प्रतिरक्षा सामग्री आपूर्ति गर्ने कार्यविधि, २०६४

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६७ को उपदफा (२) ले दिएक अधिकार प्रयोग गरी नेपाल सरकारले सुरक्षा, सामरिक वा प्रतिरक्षाका लागि आवश्यक पर्ने मालसामान आपूर्ति गर्न देहाय बमोजिमको कार्यविधि निर्धार गरेको छ :-

१. **संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस कार्यविधिको नाम "सुरक्षा, सामरिक वा प्रतिरक्षा सामग्री आपूर्ति सम्बन्धी कार्यविधि, २०६४" रहेको छ ।

(२) यो कार्यविधि नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल राष्ट्रिय अनुसन्धान विभाग वा अन्य सुरक्षा निकायहरुले खरिद गर्ने सुरक्षा, सामरिक वा प्रतिरक्षा सामग्रीको आपूर्ति गर्ने कार्यमा लागू हुनेछ ।

(३) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा :**

(क) "सुरक्षा, सामरिक वा प्रतिरक्षा सामग्री" भन्नाले दफा ३ बमोजिमका सुरक्षा, सामरिक वा प्रतिरक्षा सम्बन्धी सामग्रीहरु सम्झनु पर्छ ।

(ख) "बोलपत्र" भन्नाले यस कार्यविधि प्रयोजनको लागि बोलपत्र आह्वानको सार्वजनिक सूचना प्रकाशन नगरी सूचीकृत आपूर्तिकर्ताहरुबाट पत्रद्वारा माग गरिएको र सोही अनुसार दाखिला हुन आएको बोलपत्रलाई जनाउँनेछ ।

(ग) "सुरक्षा निकाय" भन्नाले नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, राष्ट्रिय अनुसन्धान विभाग वा अन्य सुरक्षा निकायहरु सम्झनु पर्छ ।

सामग्रीहरुको वर्गीकरण :

सुरक्षा निकायहरुलाई आवश्यक पर्ने सुरक्षा, सामरिक
सुरक्षा सम्बन्धी सामग्रीहरुलाई देहाय बमोजिमका समूहहरु
गरिएको छ :-

समूह "क"

यस अन्तर्गत विशेष प्रकृतिका हातहतियार, मोर्टार, आर्टि
मोर्टार र गनहरु, एल.एम.जि.जि.पि.एम.जि., विभिन्न प्रकारका बम
रकेट लञ्चर र सोको एम्यूनिशन, ट्याङ्क हवाईजहाज, हेलीक
पर्दछन् ।

समूह "ख"

यस अन्तर्गत समूह "क" मा उल्लेख भए बाहेकका ह
हतियार, गोलीगट्ठा, विष्फोटक पदार्थ, Night Vision Devi
Armour Personnel Carrier र सोही प्रकृतिका प्रतिरक्ष
सुरक्षाका सामग्रीहरु Optical Instruments, Surveilla
Equipment, Day/Night Scope, Bulletproof V
Fragmentation Jackets, Defense Stores, W
Cannon, Fire Fighting Equipments, Teleph
Taping Equipments, हवाईजहाज, हेलिकोप्टर ल
हातहतियारको जगेडा पार्टपूर्जा तथा Accessories पर्दछन् ।

समूह "ग"

यस अन्तर्गत निम्न सामाग्रीहरु पर्दछन् :-

(१) भिड नियन्त्रण सामग्रीहरु, हेल्मेट, बडी प्रोटेक्टर, सिल्
भिड नियन्त्रणका विशेष उपकरणहरु, ग्यास मास्क,
Control Gear, Hand Cuffs, Equipment
Rubber Bullet, Pepper Spray, Ball
Helmets, Concertina Coils, Gas Gun,
Gas Shell, Gas Grenade, Compas,
Non Lethal Weapons and r
Cartridges, X Ray Scanning Mo
Laser Range Finder.

(२) Forensic Laboratory, Finger Pri
Equipments, Photography Accessori
Breatlayser अपराध अनुसन्धानको लागि च
उपकरण, सो को पार्टपुर्जाहरु, औषधी एवं रसायनहरु ।

(३) सञ्चार उपकरण सामग्रीहरु जस्तै HF/VHF/U
Radio Set & Antenna, Repeaters
Accessories, Walki Talki Set &Batte
Jamming Devices, Direction Finde
CCTV,GIS, Radio Programming Dev
and Accessories, Voice Logger, W
Through Gate, Metal Detector and Sp
Parts ।

(४) Parachute, Mine Detector, Bomb Dispo
Suit सो को जगेडा पार्टपुर्जा एवं गोलीगट्ठा ।

४. **सुरक्षा सामरिक वा प्रतिरक्षा सामग्री खरिद गर्दा स्वीकृति लिई ग**
गर्नु पर्ने :

(१) दफा ३ को समूह "क" मा उल्लिखित सुरक्षा, सामरिक
प्रतिरक्षा सामग्री खरिद गर्दा नेपाल सरकार, मन्त्रिपरिषद
स्वीकृति लिई यस कार्यविधि बमोजिम खरिद गर्नु पर्नेछ ।

(२) दफा ३ को समूह "ख" मा उल्लिखित सामरिक वा प्रति
सामग्री खरिद गर्दा सम्बन्धित मन्त्रालयको मन्त्रिस्तर ७.
स्वीकृति लिई यस कार्यविधि बमोजिम खरिद गर्नु पर्नेछ ।

(३) समूह "ग" अन्तर्गतका सञ्चार उपकरण सामग्री
सम्बन्धित विभागीय प्रमुखको स्वीकृति लिई यस कार्यवि
बमोजिम खरिद गर्नु पर्नेछ ।

खरिद इकाईको गठन गर्ने :

(१) सार्वजनिक निकायको प्रमुखको स्वीकृतिमा खरिदको तया
बोलपत्र सम्बन्धी कागजात, पूर्व योग्यता सम्बन्धी कागज
तयार गर्ने, ख्याती प्राप्त निर्माता कम्पनी वा अधिक ८.
विक्रेताको योग्यताको आधारमा सूची तयार गर्ने , बोलप
मूल्याङ्कनका लागि मूल्याङ्कन समितिमा पेश गर्ने , खरि

अनुगमन कार्यालयले माग गरेका कागजात तथा विवरण उपलब्ध गराउने , कार्य सम्पादन जमानत लिने, त्यस्तो जमानतको परीक्षण गरी सुरक्षित राख्ने , खरिद गरिएको सामग्रीको गुणस्तर परीक्षण गराउने आदि काम गर्ने गरी सुरक्षा तथा प्रतिरक्षा सम्बन्धी खरिद इकाईको गठन गर्न पर्नेछ । ख्यातीप्राप्त उत्पादक वा अधिकृत बिक्रेताको सूची दर्ता आव्हानको सूचना कम्तीमा २ पटक राष्ट्रिय स्तरका पत्रिकामा तथा सार्वजनिक खरिद अनुगमन कार्यालयको वेभसाइटमा समेत प्रकाशन गर्नुपर्नेछ । यस्तो सूचनामा कम्तीमा ३० दिनको म्याद दिनुपर्नेछ ।

(२) उपदफा (१) अनुसार सूची दर्ताका लागि आव्हान गरिए बमोजिम प्राप्त निवेदनहरु योग्यता तथा आवश्यकताका आधारमा छानविन गरी सूची तयार गर्न सम्बन्धित मन्त्रालयले आवश्यक देखेमा समिति गठन गर्न सक्नेछ ।

सामग्रीको विवरण तयार गर्ने :

खरिद गरिने सामग्रीको स्पेसिफिकेशन, नक्सा डिजाइन, विशेष आवश्यकता सम्बन्धी अन्य विवरणहरु तयार गर्नु पर्नेछ । स्पेसिफिकेशन तयार गर्दा सामग्रीको प्राविधिक तथा गुणस्तरजन्य विशेषता र कामको आधारमा तयार गर्नु पर्नेछ । यस्तो विवरण तयार गर्दा प्रतिस्पर्धालाई सीमित गर्ने गरी कुनै आधार, सङ्केत वा शब्दावली उल्लेख गर्नु हुदैन ।

लागत अनुमानको तयारी तथा स्वीकृति :

खरिद गरिने सामग्रीहरुको अघिल्ला आर्थिक वर्षमा खरिद गर्दा लागेको वास्तविक लागत, सुरक्षा तथा प्रतिरक्षा सामग्री खरिद गरेका अन्य सार्वजनिक निकायको खरिद लागत तथा आपूर्तिकर्ताहरुसँग बुझिएको प्रचलित बजार मूल्य समेतको आधारमा लागत अनुमान तयार गर्नु पर्नेछ । यसरी तयार गरिएको लागत अनुमान सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम स्वीकृत गराउनु पर्नेछ ।

आपूर्तिकर्ताको पूर्वयोग्यता निर्धारण :

सार्वजनिक निकायले सार्वजनिक खरिद ऐन, २०६३ को दफा १२ अनुसार आपूर्तिकर्ताको पूर्व योग्यता निधारण गर्नु पर्नेछ ।

९. **बोलपत्र सम्बन्धी कागजात तयार गर्ने :**

बोलपत्र तयार गर्न आवश्यक निर्देशन, आपूर्तिकर्ताको लागि आवश्यक योग्यताका आधार, खरिद गरिने सामग्रीको विस्तृत क्वान्टिटिको विवरण, बोलपत्र पेश गर्नु पर्ने स्थान, अन्तिम मिति, बोलपत्र खोल्ने समय, मिति स्थान, बोल कबुलको लागि उल्लेख गर्ने सकिने मुद्राहरु, बोलपत्र तुलना गर्न प्रयोग गरिने मुद्रा र विनिमय दरको आधार मिति, बोलपत्र मूल्याङ्कन तथा छनोट गर्ने आधार र तरिका, बोलपत्र मान्य हुने अवधि, जमानतको व्यवस्था, जमानत मान्य अवधि, खरिद सम्झौताका शर्तहरु, जालसाजी वा भ्रष्टाचार गरेमा हुने कानूनी कारवाही सम्बन्धी जानकारी सहितको बोलपत्र सम्बन्धी कागजात तयार गर्नु पर्नेछ । यसरी तयार गरिएको कागजात आपूर्तिकर्तालाई पठाउनु पूर्व सार्वजनिक निकायका प्रमुखबाट स्वीकृत गरिनु पर्नेछ ।

१०. **लिखित रुपमा बोलपत्र माग गर्नु पर्ने :**

सुरक्षा, सामरिक वा प्रतिरक्षा सम्बन्धी सामग्रीहरुको खरिदको लागि सूचीकृत भएका कम्पनीहरुसंग सामग्रीको विवरण सहितको बोलपत्र सम्बन्धी कागजात पठाई लिखित रुपमा बोलपत्र माग गर्नु पर्नेछ ।

दर्ता किताब राख्नु पर्ने :

बोलपत्र सम्बन्धी कागज पठाएको र आपूर्तिकर्ताहरुबाट प्राप्त बोलपत्र दर्ता गर्ने एउटा छुट्टै किताब राख्नु पर्नेछ ।

बोलपत्र मूल्याङ्कन समिति गठन गर्नु पर्ने :

(१) प्रतिरक्षा तथा सुरक्षा सामग्री खरिदका लागि सूचीकृत भएका कम्पनीहरुसंग दफा १० अनुसार माग गरिएको बोलपत्र मूल्याङ्कनको लागि सार्वजनिक निकायका प्रमुखको सिफारिसमा सम्बन्धित विषयका प्राविधिक तथा आर्थिक प्रशासनको ज्ञान भएका सदस्य समेत रहने गरी उपयुक्त समिति सम्बन्धित मन्त्रालयबाट गठन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित समितिले दफा ३ को समूह (क) र (ख) मा परेको सामानहरुको बोलपत्र मूल्याङ्कन प्रतिवेदनलाई सार्वजनिक निकायका प्रमुख समक्ष पेश गर्ने र सार्वजनिक निकायका प्रमुखले आफनो प्रतिक्रिया सहित सम्बन्धित मन्त्रालयमा र समूह ग का सामानको हकमा मूल्याङ्कन समितिले सिफारिस सहितको आफनो प्रतिवेदन विभागीय प्रमुख समक्ष प्रस्तुत गर्नु पर्नेछ ।

बोलपत्र मूल्याङ्कन :

दफा १२ बमोजिम गठित बोलपत्र मूल्याङ्कन समितिले प्राप्त बोलपत्रहरु सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३,२४ र २५ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६०,६१,६२,६३ र ६४ मा रहेका व्यवस्थाको अधीनमा रही मूल्याङ्कन गरी स्वीकृतिको लागि सिफारिस गर्नेछ ।

स्वदेशबाटै खरिद गर्ने नीति लिनुपर्ने :

स्वदेशमा उपलब्ध हुन सक्ने सामग्रीहरु स्वदेशबाटै खरिद गर्ने नीति लिनुपर्नेछ ।

अधिल्लो आपूर्तिकर्ताबाटै आपूर्ति गर्न सकिने :

प्रतिरक्षा तथा सुरक्षा सम्बन्धी आवश्यक पर्ने निश्चित स्तरका सञ्चार उपकरणहरु र Parachute खरिद गर्दा सम्झौता अनुसारको परिमाण एकै वर्षमा आपूर्ति हुन नसकेको अवस्थामा छिटो छिटो प्राविधि परिवर्तन गर्दा सञ्चालन गर्ने जनशक्तिलाई अद्यावधिक राख्नु पर्ने कारण समेतलाई ध्यानमा राखी अर्को एक पटक सम्म अधिल्लो उत्पादनकर्ता वा आपूर्तिकर्तासंग साविक बमोजिम खरिद गर्न सकिनेछ।

सैनिक सामग्री उत्पादन व्यवस्थाका लागि गरिने खरिद :

खरखजाना, विस्फोटक पदार्थ, विकास निर्माणका लागि आवश्यक नेपालाइट तथा इमल्सन आदि उत्पादन गर्न आवश्यक मेशिनरी , प्राविधिक सेवा, पार्टपूर्जा तथा कच्चा पदार्थ खरिद गर्दा सामरिक संवेदनशीलता, Safety, Security तथा Specific Nature का कारण वैकल्पिक स्रोत खोज्न नमिल्ने परिस्थितिमा नेपाल सरकारको स्वीकृति लिई त्यस्तो आपूर्तिकर्ता वा कम्पनीसंग सम्झौता गरी सोझै खरिद गर्न सकिनेछ । यस्तो परिस्थिति सम्बन्धी विवरण खरिद अभिलेखमा समावेश गर्नु पर्नेछ । यस बाहेकका अन्य सबै खरिद यसै कार्यविधि अनुसार गर्नु पर्नेछ ।

राजदूतावास मार्फत मूल्य प्रस्ताव लिई खरिद गर्ने :

यस कार्यविधिको दफा ५ बमोजिम सूचीमा परेका आपूर्तिकर्ताबाट आपूर्ति हुन नसक्ने कुनै सामग्री तत्काल खरिद गर्नु पर्ने भएमा सरकारी स्वामित्वमा रहेका विदेशी कम्पनी रहेको सम्बन्धित कन्टीमा ३ वटा मुलुकको राजदूतावास मार्फत आधिकारिक रुपमा दररेट प्राप्त गरी न्यूनतम मूल्यमा खरिद गर्नु पर्नेछ ।

१८. **सम्बन्धित मन्त्रालय मार्फत सम्पर्क गर्नु पर्ने :**

सुरक्षा, सामरिक वा प्रतिरक्षा सम्बन्धी सामग्री भिकाउने सिलसिलामा विदेशी राजदूतावासहरुसँग सम्पर्क तथा पत्राचार गर्दा सम्बन्धित मन्त्रालय मार्फत गर्नु पर्नेछ ।

१९. **संक्रमणकालिन व्यवस्था :**

सार्वजनिक खरिद ऐन, २०६३, मिति २०६३ साल पौष मसान्त पश्चात् र सार्वजनिक खरिद नियमावली, २०६४, मिति २०६४ साल भाद्र ३ गते देखि लागू भएकोमा प्रचलित आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०५६ बमोजिम खरिद प्रकृया प्रारम्भ गरी विभिन्न चरणमा रहेको अवस्थामा नयाँ नियमावली लागू हुँदा उत्पन्न भएको संक्रमणकालिन अवस्थालाई व्यवस्थापन गर्न साविकको नियमावली अनुसार प्रारम्भ भएको प्रकृयाहरुका हकमा सोही अनुसार कारवाही पूरा गर्न सकिने छ ।

२०. **एल.सि. खोल्न मन्त्रालयको स्वीकृति लिनु पर्ने :**

सुरक्षा, सामरिक वा प्रतिरक्षा सम्बन्धी सामान खरिद गर्ने सार्वजनिक निकायले विदेशबाट मालसामान खरिद गर्न एल.सि. खोल्नु पूर्व आवश्यकता अनुसार सम्बन्धित मन्त्रालयबाट स्वीकृति लिनु पर्नेछ।

२१. **प्रचलिन कानून बमोजिम हुने :**

यस कार्यविधिमा उल्लेख नभएका विषयमा प्रचलित कानून बमोजिम हुनेछ ।

आज्ञाले,
उमेशप्रसाद मैनाली
नेपाल सरकारको सचिव